Ref.

**प्रेस बिज्ञप्ति**
**गैरआवासीय नेपाली संघले सामाजिक संस्थासरह कर छुट पाउने**

काठमाण्डौ । नेपाल सरकारले गैरआवासीय नेपाली संघलाई गैरनाफामूलक सामाजिक संस्थाको हैसियतमा कर छुट दिने निर्णय गरेको छ ।

अर्थ मन्त्रालय अर्न्तगत आन्तरिक राजश्व कार्यालयले मंगलबार गैरआवासीय नेपाली संघलाई कर छुटको प्रमाणपत्र प्रदान गरेको छ । करिव दुई साताअघि गैरआवासीय नेपाली संघका अध्यक्ष शेष घलेले अर्थमन्त्री शंकर कोइरालालाई भेटेर एनआरएन गैरनाफामूलक संस्था भएकाले सोही हैसियतमा कर छुट दिन आग्रह गर्नुभएको थियो । संस्थाको आग्रहलाई स्वीकार्दै नेपाल सरकारले एनआरएनलाई कर छुट दिने निर्णय गरेको हो ।

आन्तरिक राजश्व कार्यालयले संघलाई दिएको प्रमाणपत्रमा संस्थाको आयमध्ये कुनै व्यक्तिले सो संस्थालाई दिएको चन्दा, उपहार वा प्रतिफलको आश नगरि प्रदान गरिएको रकम वा योगदानहरुमा कर छुट हुने प्राबधान उल्लेख छ । एनआरएले पाउने भुक्तानीमा अग्रिम करकट्टी भएको र त्यसमा कर नलाग्ने भए त्यसबापतको रकम आन्तरिक राजश्व कार्यालयसाग फिर्ता माग्न सक्ने पनि सर्तमा उल्लेख गरिएको छ । त्यसबाहेक अन्य कुनै पनि प्रकारको आयमा एनआरएनले कर छुट पाउने छैन ।

आफ्नो मागमा नेपाल सरकारले देखाएको तदारुकताप्रति अध्यक्ष घलेले खुसी प्रकट गर्नुभयो । ‘कानुनबमोजिम सामाजिक संस्थाले पाउने सुबिधान नै हामीले मागेका हौं, हाम्रो छिटै सुनुवाई भएकोमा हामी खुसी छौं ।’ घलेले भन्नुभयो ।

*मन केसी*
*प्रवक्ता*
*गैरआवासीय नेपाली संघ*
*अन्तराष्ट्रिय समन्वय परिषद् ।*